मिति २०७५ साल आषाढ २७,२८, र २९ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री प्रेमसिंह कुवँर ज्यू को अध्यक्षतामा बैठक बसी आ. व. २०७५/०७६ को रजिष्ट्रेशन प्रयोजनका लागि लिखत पारित हुने अंक थैलीमा मालपोत नियमावली २०३६ को नियम ५ 'ख' संशोधन सहित तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

**उपस्थिती**

१. प्र.जि.अ. श्री प्रेमसिंह कुवँर — अध्यक्ष
जिल्ला प्रशासन कार्यालय बझाङ्ग

२. का. वा. प्रमुख श्री जन्मजय जोशी — सदस्य
जिल्ला समन्वय समितिको कार्यालय बझाङ्ग

३. कोष नियन्त्रक श्री सुनिल कुमार उपाध्याय — सदस्य
कोष तथा लेखा नियन्त्रक कार्यालय बझाङ्ग

४. नापी अधिकृत श्री शिव प्रसाद जोशी — सदस्य
नापी कार्यालय चैनपूर बझाङ्ग

५. प्रबन्धक श्री प्रकाश बहादुर सिंह — सदस्य
राष्ट्रिय बाणिज्य बैंक बझाङ्ग

६. सदस्य श्री सत्य देवी खड्का — सदस्य
उद्योग बाणिज्य संघ बझाङ्ग

७. कार्यालय प्रमुख श्री कृष्ण बहादुर बोहरा — सदस्य - सचिव
मालपोत कार्यालय बझाङ्ग

## निर्णयहरु:

### *निर्णय नं. १*

बझाङ्ग जिल्ला स्थितसाविक चैनपूर गा.वि.स. वडा नं. १ सदरमुकाम स्थित रेडकस भवन देखि पश्चिम चौराहा हुदै खुलामञ्च, चौराहा हुदै पानकोट पुलसम्म र जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको कार्यालय हुदै मुल सडक संग जोडिने सडकको दायाँवायाँ सडकसंग जोडिएको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन रु ५५,००,०००।०० (पचपन्न लाख मात्र) प्रति रोपनी कायम गर्ने र सो सडकसंग नजोडिएको,जिल्ला प्रशासन कार्यालयबाट दक्षिण देविस्थान मन्दिरको नजिक मुल सडकसंग जोडिने सडकसंग जोडिएको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन रु ५०,००,००।०० (पचास लाख मात्र) प्रति रोपनी कायम गर्ने निर्णय गरियो ।

### *निर्णय नं. २*

बझाङ्ग जिल्ला साविक चैनपूर गा.वि.स. वडा नं. १ को पानकोट पुलबाट रिङ्गरोड हुदै डुंग्री बजार जाने झोलुंगे पुलसम्म रिङ्गरोडसंग जोडिएको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन रु ४०,००,०००।०० (चालिस लाख मात्र) प्रति रोपनी कायम गर्ने र सो सडकसंग नजोडिएको रिङ्गरोडको दक्षिणपट्टि रहेको र बाहुलीगाड किनारसंग जोडिएको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन रु ३५,००,०००।०० (पैतिस लाख मात्र) प्रति रोपनी कायम गर्ने निर्णय गरियो ।

### *निर्णय नं. ३*

साविक रिठापाटा गा.वि.स. स्थित पुरानो जालपा मा.वि.को पश्चिमपट्टि रहेको खोल्सीबाट सुरुभई बाहुलीगाडको पक्की पुलसम्म र बाहुलीगाडको पक्की पुल हुदै साविक चैनपूर गा.वि.स.को लालटिन बजारसम्म सडकसंग जोडिएको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन रु ३५,००,०००।०० (पैतिस लाख मात्र) प्रति रोपनी कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं. ४***

साविक हेमन्तवाडा गा.वि.स. स्थित डुंग्री बजारमा रहेको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन आ. व. २०७४/०७५ रु १५,००,०००।०० (पन्ध्र लाख मात्र) प्रति रोपनी यथावत कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं. ५***

साविक रिठापाटा गा.वि.स. भवन देखि खाद्य संस्थानसम्मको शाखा सडकको दायाँवायाँ सडकसंग जोडिएको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन रु १५,००,०००।०० (पन्ध्र लाख मात्र) प्रति रोपनी कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं. ६***

जयपृथ्वी राजमार्गमा बजार व्यवस्थापन भएका भाँडेबजार, तमैलबजार, किमतोलाबजार र खड्केतोलाबजारको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन रु १५,००,०००।०० (पन्ध्र लाख मात्र) प्रति रोपनी कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं. ७***

जयपृथ्वी राजमार्गको मौरीवगर पुलदेखि साविक रिठापाटा गा.वि.स. स्थित पुरानो जालपा मा.वि.को पश्चिमपट्टि रहेको खोल्सीसम्म सडकको दायाँवायाँ सडकसंग जोडिएको घडेरीयोग्य जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन रु ८,००,०००।०० (आठ लाख मात्र) प्रति रोपनी कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं. ८***

साविक चैनपूर गा.वि.स. वडा नं.१, ४, ५, ६, ७ र ९ मा रहेको तर निर्णय नं. १ र २ बाहेकको जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन आ.व. २०७४/०७५ को यथावत कायम गर्ने, साविक हेमन्तबाडाको पडेस जिउलाखेत, साविक रिठापाटाको वडा नं. ४, ६ र ८ मा रहेको जिउलाखेत र साविक चैनपूर गा.वि.स. को वडा नं. २, ३, र ८ मा रहेको जिउलाखेतको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन २०७४/०७५ को न्यूनतम् मुल्यांकनमा ५% थप गरी कायम गर्ने र साविक रिठापाटाको वडा नं. ३ स्थित जिउलाखेतको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन २०७४/०७५ को न्यूनतम् मुल्यांकनमा २०% थप गरी कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं.९***

निर्णय नं. १ देखि ८ सम्म अवस्थित जग्गाको न्यूनतम् मुल्यांकन बाहेक साविकका २८ वटा गा.वि.स. हरुमा रहेको खेतपाखो जग्गाको आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन आ.व. २०७४/०७५ को न्यूनतम् मुल्यांकनमा १०% थप गरी कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं. १०***

साविकका २८ वटा गा.वि.स. हरुमा रहेको पर्ती र पाँचौं तहको जग्गाको न्यूनतम् मुल्यांकन प्रति रोपनी पाखो चाहार जग्गामा हुने न्यूनतम् मुल्यांकनको ५०% कम हुन आउने मूल्य निर्धारण गरी आ.व. २०७५/०७६ को न्यूनतम् मुल्यांकन कायम गर्ने निर्णय गरियो ।

***निर्णय नं. ११***

जयपृथ्वी राजमार्गमा पर्ने जग्गाको लिखत पारित गर्दा राजमार्गमा पर्ने/नपर्ने सम्बन्धमा नापी कार्यालयबाट एकिन गर्ने र घडेरीयोग्य जग्गाको लिखत पारित गर्दा स्थानिय तहबाट घरबाटो खुलेको सिफारिस लिएर लिखत पारित गर्ने निर्णय गरियो ।

यो न्यूनतम् मुल्यांकन २०७५ साल श्रावण १ गतेबाट लागु हुनेछ ।